# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, कात्तिक २८ गते २०४८ साल (अतिरिक्ताङ्क ५०

## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४८ सालको ऐन नं. २४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### न्याय प्रशासन ऐन, २०४८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः न्याय प्रशासन ऐन, २०४८ लाई संशोधन गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "न्याय प्रशासन (पहिलो संशोधन) ऐन, २०४८" रहेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

655

(२) यो ऐन मूल ऐन लागू भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. न्याय प्रशासन ऐन, २०४८ मा दफा ४क.थपः न्याय प्रशासन ऐन, २०४८ (यसपछि "मूल ऐन" भनिएको) को दफा ४ पछि देहायको दफा ४क. थपिएको छः-

"४क. जिल्ला न्यायाधीशलाई अर्को क्षेत्रको अधिकार तोक्न सक्नेः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रधान न्यायाधीशले उपयुक्त देखेमा न्याय परिषद्को सिफारिशमा कुनै जिल्ला अदालतको जिल्ला न्यायाधीशलाई निश्चित अवधिको लागि अर्को जिल्लाको जिल्ला अदालतको न्यायाधीशको रूपमा समेत काम गर्ने गरी तोकि दिन सक्नेछ। यसरी तोकिएको जिल्ला न्यायाधीशले तोकिएको अवधिभर सम्बन्धित जिल्ला अदालतमा रही काम गर्नु पर्नेछ।"

३. मूल ऐनमा दफा ५ क.थपः मूल ऐनको दफा ५ पछि देहायको दफा ५ क.थपिएको छः-

"५क. पुनरावेदन अदालतको अन्य मुकाम तोक्नेः (१) पुनरावेदन अदालतको सामान्यतया मुकाम रहेको स्थान बाहेक सो अदालतको प्रादेशिक अधिकार क्षेत्र भित्रको अन्य कुनै स्थान वा स्थानहरूमा निश्चित अवधिको लागि इजलास कायम गर्ने गरी मुकाम तोक्न उपयुक्त देखेमा प्रधान न्यायाधीशले न्याय परिषद्को सिफारिशमा सो अदालतको एक वा एक भन्दा बढी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८००

न्यायाधीशहरूलाई त्यसरी इजलास कायम गर्न खटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन अदालतको इजलास कायम गर्ने गरी मुकाम तोक्दा उक्त इजलासको क्षेत्र समेत तोकि दिनु पर्नेछ।"

४. <u>मूल ऐनको दफा १६ मा संशोधनः</u> मूल ऐनको दफा १६ मा ठाउँ ठाउँमा रहेका "वा पुनरावेदन" भन्ने शब्दहरू झिकिएका छन।

लालमोहर सदर मितिः– २०४८।७।२८।५

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

C09

# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४८ सालको ऐन नं. २५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

## प्रेस काउन्सिलको स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः पत्रकारिताको पेशागत उच्चतम आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्बर्धनको लागि प्रेस काउन्सिलको स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासन कालको बीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "प्रेस काउन्सिल ऐन, २०४८" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:-

(क) "काउन्सिल" भन्नाले दफा ३ बमोजिम स्थापना भएको प्रेस काउन्सिल सम्झनु पर्छ।

(ख) "सदस्य" भन्नाले काउन्सिलको सदस्य सम्झनु पर्छ र सो शब्दले काउन्सिलको अध्यक्ष समेतलाई जनाउछ।

(ग) "समिति" भन्नाले दफा १० बमोजिम गठित पत्रपत्रिका वितरण संपरीक्षण समिति सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

३. प्रेस काउन्सिलको स्थापना : स्वस्थ पत्रकारिताको विकासको लागि प्रेस काउन्सिलको स्थापना हुनेछ ।

४. काउन्सिल स्वशासित संस्था हुने : (१) काउन्सिल अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८०२

(२) काउन्सिलको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ।

(३) काउन्सिलले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा आवश्यकतानुसार अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) काउन्सिलले आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

५. <u>काउन्सिलको उद्देश्य</u> : काउन्सिलको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) स्वस्थ पत्रकारिताको विकासको लागि उपयुक्त वातावरण सृजना गर्ने,

(ख) प्रेस स्वतन्त्रताको दुरूपयोग हुन नदिन पत्रकारिता सम्बन्धी आचार संहिता तोक्ने,

(ग) प्रेस र श्री ५ को सरकार बीच सौहार्दपूर्ण सम्बन्ध कायम राख्ने,

(घ) सार्वजनिक नैतिकता र नागरिकहरूको मर्यादा कायम राख्न लगाउने, र

(ङ) प्रेसको स्वतन्त्रता र पत्रकारिताको मर्यादा माथि हस्तक्षेप हुन नदिन प्रयत्नशिल रहने।

६. <u>काउन्सिलको गठन</u> : (१) श्री ५ को सरकारले काउन्सिलको गठन गर्नेछ र काउन्सिलमा देहायका व्यक्तिहरू रहनेछन् :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

c04

(क) पत्रकारितामा वा कानूनी
क्षेत्रमा विशेष योगदान
पु-याएका व्यक्तिहरु मध्येबाट
श्री ५ को सरकारले
तोकेको व्यक्ति - अध्यक्ष

(ख) प्रतिनिधि सभाका सदस्य
मध्येबाट सभामुखले
मनोनीत गरेको
एकजना सदस्य - सदस्य

(ग) राष्ट्रिय सभाका सदस्य
मध्येबाट अध्यक्षले मनोनीत
गरेको एकजना सदस्य - सदस्य

(घ) पत्रकारहरु, सम्पादकहरु
र प्रकाशकहरु मध्येबाट
पत्रकार संघहरुको परामर्श
लिई प्रत्येक क्षेत्रबाट दुई
जनाको हिसाबले श्री ५ को
सरकारले मनोनीत गरेको
६ जना व्यक्ति - सदस्य

(ङ) श्रमजीवि पत्रकारहरु
मध्येबाट श्री ५ को
सरकारले मनोनीत गरेको
एकजना व्यक्ति - सदस्य

(च) पत्रकारिता लगायत
विभिन्न क्षेत्रमा विशिष्ट
योगदान गरेका व्यक्ति
मध्येबाट श्री ५ को
सरकारले मनोनीत गरेको
दुइजना व्यक्ति - सदस्य


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) साहित्यिक पत्रकारितासंग सम्बन्धित संस्थाहरूले सिफारिश गरेको पत्रकारहरू मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेको एकजना व्यक्ति - सदस्य

(ज) महा-निर्देशक, प्रेस सूचना विभाग - सदस्य-सचिव

(२) काउन्सिलको अध्यक्ष तथा सदस्यहरूको पदावधि ४ वर्षको हुनेछ।

(३) अध्यक्ष वा कुनै सदस्यले पदावधि समाप्त नहुँदै पद त्याग गर्न चाहेमा अध्यक्षले श्री ५ को सरकार समक्ष र सदस्यले अध्यक्ष समक्ष लिखित राजीनामा पेश गर्न सक्नेछ।

७. <u>काउन्सिलको काम, कर्तव्य र अधिकारः</u> काउन्सिलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पत्रकारिता सम्बन्धी नीतिलाई समय समयमा अवलोकन गरी सम्बन्धित क्षेत्रको राय सल्लाह लिई श्री ५ को सरकारलाई सुझाव दिने,

(ख) स्वस्थ पत्रकारिताको विकास गर्न पत्रकारिता सम्बन्धी आचार संहिता तयार गरी लागू गर्ने,

(ग) पत्रकारिताको विकासको लागि श्री ५ को सरकारलाई सुझाव दिने,

(घ) पत्रकारिताको वितरण स्थितिको अद्यावधिक अभिलेख राख्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) पत्रपत्रिकामा प्रकाशित समाचारसंग सम्बन्धित विषयलाई लिएर कसैले काउन्सिलमा उजूरी दिएमा सो सम्बन्धमा आवश्यक कारवाही गर्ने,

(च) पत्रपत्रिकाको गतिविधि एवं वस्तुस्थिति बारे अध्ययन र मूल्यांकन सहितको वार्षिक प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्ने, र

(छ) पत्रपत्रिकामा प्रकाशित असामाजिक र आपत्तिजनक कुराहरूको सम्बन्धमा छानबिन गर्ने।

८. काउन्सिलको बैठक र निर्णय : (१) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले काउन्सिलको बैठक बोलाउनेछ।

(२) काउन्सिलको कूल सदस्य संख्याको पचास प्रतिसत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) काउन्सिलको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित काउन्सिलको सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) काउन्सिलको बैठकमा विचाराधीन प्रत्येक विषयमा उपस्थित सदस्यहरूको बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
८०६

(५) काउन्सिलको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(६) काउन्सिलको बैठक सम्बन्धी अन्य कार्यविधि काउन्सिल आफैले निर्धारण गरे बमोजिम हुनेछ।

९. <u>उप-समिति</u>ः (१) काउन्सिलले आफ्नो कार्य सूचारु रूपले संचालन गर्नको लागि उप-समिति गठन गर्न सक्नेछ।

(२) उप-दफा (१) बमोजिम गठन भएको उप-समितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि काउन्सिलले तोके बमोजिम हुनेछ।

१०. <u>पत्रपत्रिका वितरण संपरीक्षण समिति</u>ः (१) श्री ५ को सरकारले काउन्सिलको परामर्श लिई एक पत्रपत्रिका वितरण संपरीक्षण समिति गठन गर्नेछ।

(२) उप-दफा (१) बमोजिम गठन भएको समितिमा देहाय बमोजिम सदस्यहरु रहनेछन् ः-

(क) प्रेस रजिष्ट्रार- अध्यक्ष

(ख) प्रतिनिधि, संचार मंत्रालय- सदस्य

(ग) प्रतिनिधि, प्रेस काउन्सिल- सदस्य

(घ) लेखापरीक्षण संघ, विज्ञापन संघ वा एजेन्सी तथा व्यापारिक वा औद्योगिक संस्था बाट एक एक जनाका दरले श्री ५ को सरकारले मनोनीत गरेको तीन जना व्यक्ति- सदस्य


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) काउन्सिलले तोकेको अधिकृत समितिको सचिव हुनेछ।

(४) उप-दफा (२) को खण्ड (घ) बमोजिम मनोनित सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ।

११. समितिको काम, कर्तव्य र अधिकारः (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पत्रपत्रिकाको वितरण स्थितिको आधारमा प्रकाशन संख्या निर्धारण गर्ने र त्यसको अद्यावधिक अभिलेख राख्ने, र

(ख) पत्रपत्रिकाको प्रकाशन संख्या समेतको आधारमा पत्रपत्रिकाको वर्गीकरण गर्ने।

(२) उप-दफा (१) मा लेखिएदेखि बाहेक समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१२. उजुरी सम्बन्धमा : (१) कुनै पत्रकारले आफ्नो व्यावसायिक आचार संहिता उल्लंघन गरेमा कुनै पनि व्यक्तिले काउन्सिलमा उजूरी दिन सक्नेछ।

(२) उप-दफा (१) बमोजिम कुनै उजूरी परेमा काउन्सिलले आवश्यक जाँचबुझ गरी देहाय बमोजिम गर्न गराउन सक्नेछः-

(क) मर्का पर्ने पक्षको भनाई सम्बन्धित पत्रपत्रिकामा प्रकाशित गर्न लगाउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
८०५

(ख) मर्का पर्ने पक्षसंग क्षमा याचना गर्न लगाई निजको कुरा सम्बन्धित पत्रपत्रिकामा प्रकाशित गर्न लगाउने,

(ग) मर्का पर्ने पक्षको कुनै टिप्पणी, लेख वा प्रकाशन सामग्री सम्बन्धित पत्रपत्रिकामा प्रकाशित गर्न लगाउने, र

(घ) पटक पटक व्यावसायिक आचार संहिता उलंघन गर्ने पत्रकारलाई निजले श्री ५ को सरकारबाट पाउने सहुलियत्त वा सुविधा तोकिएको अवधि भरको लागि आंशिक वा पुरै रोक लगाउन श्री ५ को सरकारमा सिफारीश गर्ने।

(३) उप-दफा (२) बमोजिमको काउन्सिलको निर्णय पालन नगर्ने पत्रकार उपर काउन्सिलले खेद प्रकट गरी सो कुरा सार्वजनिक रूपमा प्रकाशित गर्न लगाउन सक्नेछ।

(४) उप-दफा (२) वा (३) बमोजिम निर्णय गर्नु अघि काउन्सिलले सम्बन्धित पत्रकारलाई आफ्नो स्पष्टीकरण पेश गर्न मौका दिनेछ।

१३. काउन्सिलको कोष : (१) काउन्सिलको एउटा छुट्टै कोष हुनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
E 90

(२) उप-दफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् र काउन्सिलको सबै खर्च सोही कोषबाट व्यहोरिनेछः-

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार वा संघ संस्थाबाट प्राप्त आर्थिक अनुदान वा सहायता रकम,

(ग) काउन्सिलले अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकम।

(३) उप-दफा (२) को खण्ड (ख) बमोजिम आर्थिक अनुदान वा सहायता प्राप्त गर्नु अघि काउन्सिलले श्री ५ को सरकारको अनुमति लिनु पर्नेछ।

(४) काउन्सिलको कोषको संचालन तोकिए बमोजिम हुनेछ।

१४. <u>लेखा र लेखापरीक्षण</u>: (१) काउन्सिलको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) काउन्सिलको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि काउन्सिलको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. <u>अधिकार प्रत्यायोजनः</u> यस ऐन बमोजिम आफूलाई प्राप्त भएको अधिकार काउन्सिलले समिति, उप-समिति, सदस्य वा काउन्सिलको कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१६. <u>श्री ५ को सरकारसंग सम्पर्कः</u> काउन्सिलले श्री ५ को सरकारसंग सम्पर्क राख्दा संचार मन्त्रालय मार्फत राख्नु पर्नेछ।

१७. <u>नियम बनाउने अधिकारः</u> यस ऐनको उद्देश्य पूर्तिको लागि श्री ५ को सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

१८. <u>विनियम बनाउने अधिकारः</u> काउन्सिलले आफ्नो कार्य संचालनको लागि यो ऐनको अधिनमा रही श्री ५ को सरकारको स्वीकृति लिई आवश्यक विनियमहरु बनाउन सक्नेछ।

लालमोहर सदर मितिः– २०४८।७।२८।५

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

592